# मोरङ जिल्ला अदालत

## विराटनगर

तहसिल

पत्र संख्या :- २०७४/०७५

फोन नं. ०२१-५२२६४२

चलानी नं. : १६४१२

## दण्ड जरिवाना छुट सम्बन्धि सुचना ॥

सुचना प्रकाशित मिति :- २०७५।२।६।१

यस मोरङ जिल्ला अदालत तथा अन्य अदालतहरुबाट फैसला भई सो फैसला बमोजिम यस अदालतमा लगत कसी अशुल उपर हुन बाँकी रहेको दण्ड, जरिवाना तथा सरकारी विगो समेतको बाँकी बक्यौता छुट सम्बन्धमा श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय काठमाण्डौंको च.नं.२७८ मिति २०७५।२।२ को पत्र बमोजिम यो सुचना प्रकाशित गरिएको छ । तसर्थ सर्वोच्च अदालत नियमावलि २०७४ को नियम १३५(१) को प्रयोजनको लागी मुलुकी ऐन, दण्ड सजायको महलको २४ नं. को अधिनमा रहि अन्तिम फैसला बमोजिम कायम भएको कैद, जरिवाना वा सरकारी विगो, यो सुचना प्रकाशन भएका मिति देखि मिति **२०७५ साल श्रावण मसान्त** भित्र बुझाउन आएमा तपसिल बमोजिम छुट दिईने बेहोरा सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

(क) सुचना प्रकाशन भएको मितिले पचास वर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा पचहत्तर प्रतिसत (७५%)

(ख) सुचना प्रकाशन भएको मितिले तिस वर्ष भन्दा अघि पचास वर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा पचास प्रतिसत (५०%)

(ग) सुचना प्रकाशन भएको मितिले बिस वर्ष भन्दा अघि तिस वर्ष सममको अन्तिम फैसला बमोजिमको लगतमा पच्चिस प्रतिसत (२५%)